# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

Phone: 9857836006
E-mail: mandavimun2073@gmail.com
Website: mandavimun.gov.np


पत्र संख्या:२०८२/८३

## नदिजन्य पदार्थ (ढुंगा, गिट्टी,बालुवा) उत्खनन् र विक्रि कार्यको ठेक्का बन्दोबस्तीको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**( प्रथम पटक प्रकाशित मिति :२०८२/०५/०६ गते )**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयानुसार प्राकृतिक सोत कर असुली सम्बन्धी कार्य आ.व. २०८२/८३ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समय भित्र हार्ड कपी (Hard Copy) मार्फत बोलपत्र पेश गर्नहुन सूचीत गरिन्छ। अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, तथा कार्यालयको वेभ साईट www.mandavimun.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

**ढुंगा, गिट्टी, बालुवा प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| ठेक्का नं. | नदी/खोलको विवरण | बार्षिक उत्खनन् गर्न सकिने परिमाण (घन मिटर) | न्यूनतम ठेक्का अंक रु.मा (भ्याट र अग्रिम आयकर बाहेक ) | बोलपत्र जमानत रकम (धरौटी रकम') रु. | बोलपत्र दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| 01-MRM/NCB-82/83 | झिमरुक र माडी नदि | १६,६४९.८ | ३५,२७,९२६.२२/- | १,०५,०००/- | ३,०००/- | |

**नोट. ढुंगा, गिट्टी, बालुवाको दररेट प्रति क्यु .फुट ( लुम्बिनी प्रदेश आर्थिक ऐन २०८२) बमोजिम ने.रु. ६ (भ्याट र अग्रिम आयकर बाहेक)**

*बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेड माण्डवी गाउँपालिकाको जस्पुर शाखामा रहेको आरन्तरीक राजस्व खाता नं २६६४९३२०४६०११७ मा जम्मा गरेको बैंक भौचर र आवश्यक सबै कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्नेछ।

*बोलपत्र फारमहरु नियमानुसार यस गाउँपालिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको प्रमाण-पत्र तथा आर्थिक वर्ष ०८०/८१ को कर चुक्ता तथा म्याद थपको प्रमाण , बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्र मिति २०८२/०६/०७ गते सम्म बोलपत्र खरिद गरि सोही दिनको १२:०० बजे भित्र पेश गर्नुपर्नेछ र पेश भएका बोलपत्रहरु सोही दिनको ५:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

*बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्ग र अक्षरमा प्रष्टसंग लेखि बोलपत्र जमानत रकम रु १,०५,०००/- यस कार्यालयको हिमालयन बैंक लिमिटेड माण्डवी गाउँपालिकाको जस्पुर शाखामा रहेको धरौटि खाता नं २६६४९३२०४६००८७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ। कवोल गरेको रकमको अङ्ग र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

*अन्य जाकारीको लागि माण्डवी गाउँपालिकाको वेभ साईट www.mandavimun.gov.np मा हेर्न सकिने छ।

२०८२/०५/०५

प्रमुख प्रशासकीय अधिकृत